मन्थली नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
मन्थली, रामेछाप
बागमती प्रदेश नेपाल

## मिति २०८० जेठ ३० गते बसेको मन्थली नगरपालिकाको कार्यपालिकाको १३ औं वैठकका निर्णयहरु

### निर्णय नं. १

कार्यपालिकाको अघिल्लो वैठकमा भएका निर्णय र सो सम्बन्धमा भएको कार्य प्रगतिवारे छलफल तथा समीक्षा गरियो । अघिल्लो वैठकका निर्णयहरु प्राथमिकताका साथ कार्यान्वयनका प्रक्रियामा रहेको पाईयो ।

### निर्णय नं. २

मन्थली नगरपालिकाको नगरसभाको १३ औं अधिवेशनको उद्घाटन सत्र यही मिति २०८० साल असार १० गते आइतवार दिनको १०.०० वजे मन्थली नगरपालिकाको सभा हलमा गर्ने ।

### निर्णय नं. ३

मन्थली नगरपालिकाको भू-उपयोग वर्गिकरणका लागि परामर्शदातावाट प्राप्त मस्यौदा माथि परामर्शदाताको विज्ञ समेतको उपस्थितिमा थप छलफल गरी प्राप्त सुझावका आधारमा निर्णय लिने

### निर्णय नं. ४

मन्थली नगरपालिका वडा नं. ५ मा रहेको भ्यागुरे लिफ्ट खानेपानी योजनामा उत्पन्न विवादका विषयमा समीक्षा गरियो । उक्त विवादका विवादित पक्षहरुलाई झिकाई छलफल गराई सहमति कायम गराई योजनाको कार्य अगाडि वढाउन मनपाको न्यायिक समितिलाई जिम्मेवारी प्रदान गर्ने ।

### निर्णय नं. ५

मन्थली नगरपालिकाको पहिचान सहितको लोगो डिजाइन गर्न डिजाइनरहरुलाई डिजाइनको खाका तयार गरी नगरपालिकामा पेश गर्न सार्वजनिक सूचना आह्वान गर्ने ।

### निर्णय नं. ६

मन्थली नगरपालिकालाई वालमैत्री नगर घोषणा गर्न तयार गरिएको वालमैत्री आचारसंहिता अध्ययन गरी अर्को वैठकमा सुझाव पेश गर्ने ।

२०८०/२/३०

...कीय अधिकृत

मन्थली नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
मन्थली, रामेछाप
बागमती प्रदेश नेपाल

**निर्णय नं. ७**

सडक बोर्ड नेपाल  र मन्थली नगरपालिकाको साझेदारीमा मनपा ३ मा सञ्चालन हुने प्रस्तावित योजनाको सम्बन्धमा तत्काल निर्णय गरी पेश गर्न सम्बन्धित वडा समितिलाई निर्देशन दिने ।

**निर्णय नं. ८**

मन्थली नगरपालिकाका गौरवका योजनाका रुपमा देहाय बमोजिमका योजना छनौट गरी वजेट रकम प्रस्तावका लागि वजेट तर्जुमा समितिमा पठाउने ।

१. जुदार-पन्थली-ख धुसेनी-एघारविसे-घुमाउने-गाईखुरा सिंचाई आयोजना
२. पुरानागाँउ-खुरवेशी-चनखु नगर चक्रपथ सडक
३. वफरखोला-महादेवटार-चनखु वडा कार्यालय सडक स्तरोन्नती
४. फोहर प्रशोधन केन्द्र स्थापना
५. थानापति मन्दिर व्यवस्थापन मनपा ९
६. तामाकोशी नदीमा पर्यटकीय र्याफ्टिङ्ग र डुङ्गा सञ्चालन पूर्वाधार निर्माण
७. मनपा ५ थानापति मन्दिर व्यवस्थापन
८. समुदायमा आधारित होमस्टे सञ्चालन
९. बुद्ध मन्दिर शान्तिपार्क निर्माण मनपा १३ र १४
१०. सामाजिक कला, संस्कृति संरक्षण कार्यक्रम
११. पर्यटन पूर्वाधार निर्माण मनपा ७ ढिकुरी

2079/4/30
प्रमुख प्रशासकीय अधिकृत